| 1 | Barista / Cashier | 10 | 10 | 150 | ६८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LA COQUETTE LADIES BEAUTY SALON COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 307145 | चलानी नं.६०२२१९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/hairdresser/manicure/pedicure/nailtech | 0 | 22 | 150 | ६८,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker(Indoor) | 0 | 2 | 90 | ४१,२२० | | | | | | | |
| 3 | Light Driver | 2 | 0 | 135 | ६१,८३० | | | | | | | |

कम्पनी : JABATI RASHID SNACKS

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 314950 | चलानी नं.६०२२९२९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 3 | 0 | 110 | ५०,३८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office Boy/Tea Boy | 3 | 0 | 110 | ५०,३८० | | | | | | | |
| 3 | Store Helper | 3 | 0 | 120 | ५४,९६० | | | | | | | |
| 4 | Kitchen Steward/Dish Washer | 6 | 0 | 110 | ५०,३८० | | | | | | | |

कम्पनी : AHMED AND BODOUR GENERAL TRADING CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329824 | चलानी नं.६०२४३६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Cleaner | 2 | 2 | 120 | ५४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 150 | ६८,७०० | | | | | | | |
| 3 | Chef | 15 | 0 | 180 | ८२,४४५ | | | | | | | |
| 4 | Waiter/waitress | 15 | 5 | 150 | ६८,७०० | | | | | | | |
| 5 | Light Drivers | 2 | 0 | 150 | ६८,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १६ गते (1st Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**(पहिलो पटक प्रकाशित मितिः २०८२/०५/०९ गते)**

यस कम्पनीको मिति २०८२/०५/०१ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ग्लोबल सेलेक्ट एजुकेसन एण्ड माग्रेसन सर्भिसेस** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ग्लोबल सेलेक्ट एजुकेशन एण्ड भिषा सर्भिसेस** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री ग्लोबल सेलेक्ट एजुकेसन एण्ड माग्रेसन सर्भिसेस (दर्ता नम्बर : ८८३५२९)**, कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/११/१७ मा दर्ता भएको **प्रा. लि. नं. १६४६१५** को **ट्राभलिङ्ग पिस नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको

**सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८२/०५/०९

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **Al Raas Recruitment Services Pvt. Ltd. (Salyan Overseas Pvt. Ltd.)** (इ.प.नं. 1140/073/74) को तपसिल बमोजिमका संचालकहरु/शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| साविक शेयरधनीको नाम / शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम / शेयर संख्या |
|---|---|
| १. श्री विनित रावल (०१-१०,०००) (१७९०१-१९,८५०)<br>२. श्री अशोक उप्रेती (१०००१-१३,९५०)<br>३. श्री रामकृष्ण बराल (१३९५१-१७,९००) | १. श्री विनित रावल (०१-१०,०००) (१७९०१-१९,८५०) (१३९५१-१५,९२५)<br>२. श्री अशोक उप्रेती (१०००१-१३,९५०) (१५९२६-१७,९००) |

## Paterwa Sugauli Rural Municipality
## Office of Rural Municipal Executive
### Paterwa Sugauli, Parsa
### Madhesh Province, Nepal

# Notice of Invitation For Electronic Bid

**First Date of Publication : 2082/05/09 (August 25th 2025)**

1. Paterwa Sugauli Rural Municipality, Parsa Invites only electronic Bids From eligible biddersfor the following work Under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures

| S.N. | Contract Id No. | Project Name | Bid Validity Period/Security period from the last date of submission | Bid Security Amount | Bid Document Cost | Last date of Bid Submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/PSRMUN/NCB/WORKS/2082/83 | Hulaki Rajmarg Dekhi Bhata Jodne Sadak Kalopatre Garne | 90/120 days | 9,50,000.00 | 5000.00 | Sept 24, 2025 12:00 | Sept 24, 2025 14:00 |

Further Information's to bidder:

| | |
|---|---|
| Key Qualifications | • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 45.7 millions<br>• Minimum Work experience of similar size and nature: at least 1 Contracts within the last ten (10) years, each with a value of at least NRs 12.19 Million that have been successfully or are substantially completed and that are similar to the proposed works. |
| Account No. for Bid Document Purchase: | Name of Bank :- Sanima Bank, PaterwaSugauli-Parsa<br>Name of Office :- PaterwaSugauli Ga. Pa. Aantrik Rajaswa khata Ga 1.1<br>Office Account no : 064010040000008 |
| Account No. for Bid Security Deposit: | Name of Bank :- Sanima Bank, PaterwaSugauli-Parsa<br>Name of Office :- PaterwaSugauli Ga.Pa. Dharauti Khata Ga-3<br>Office Account no : 064010020000005 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the PaterwaSugauli Rural Municipality Office , Parsaor may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidders have to Submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instruction to Bidders.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### शिक्षा विधेयकमा चरम राजनीतिकरण

शिक्षा विधेयक एकपछि अर्को विवादमा तानिएको छ । सांसदहरू आफैं स्वार्थ समूहको बन्धनमा परेका छन् । हुन त संसदीय समितिलाई स्वार्थ समूहको स्वार्थ पूरा गर्ने संस्था पनि भन्ने गरिन्छ । किनभने, हिजोआज धेरैजसो सांसदहरू स्वार्थ समूहको निर्देशनअनुसारको एजेण्डा बोक्ने गर्छन् । बोल्ने गर्छन् ।

यद्यपि, शिक्षा क्षेत्रलाई आमुल परिवर्तन गराउने चाहना बोकेका व्यक्ति मन्त्रालयको नेतृत्वमा पुगेसँगै सांसदहरू चेपुवामा पर्न थालेका हुन् । मन्त्रीको चाहना एउटा र स्वार्थअनुकूल चल्ने सांसदहरूको चाहना अर्को हुँदा देशको मेरुदण्ड मानिएको शिक्षा क्षेत्रको कुरीति सुधार्न संशोधन हुन लागेको विधेयक झन्झन् जटिल बन्दै गएको छ ।

शिक्षा अहिले व्यापार गर्ने भाँडो बनेको छ निजी क्षेत्रका लागि । सरकारले यसलाई खुकुलो पार्दै लगेको छ । जुन समूहले राम्रो गर्छ त्यही समूहलाई पोसाउने नीतिमा सरकारदेखि सरकारका सचिवहरू पनि लागि परेका छन् । विभिन्न विश्वविद्यालयको सम्बन्धन यसैगरी खुकुलो पार्ने खेलमा स्वार्थ समूहहरू लागि परेका देखिन्छन् । पछिल्लो अप्ठेरोमा पार्ने खेलमा लागेको संस्था हो, शिक्षक महासंघ । देशमा संघीयता आएको १० वर्ष पुग्नै लागेको छ । यही व्यवस्थालाई बलियो बनाउन र गुणस्तरीय शिक्षा दिन सरकारले माध्यमिक विद्यालयलाई स्थानीय तहमा लैजान खोजेको छ । तर, यसलाई शिक्षक महासंघले असन्तुष्टि जनाउँदै विरोध गर्दै आएको छ ।

यो विधेयकको मस्यौदा २०७६ बाट सुरु भएको हो । त्यसयता शिक्षामन्त्री नै छ जना फेरिए । शिक्षकको आन्दोलनका कारण विद्या भट्टराईले मन्त्री पदबाट राजीनामा नै दिइन् । सरकारी शिक्षकहरू अझै पनि उग्र बन्दै गएको देखिन्छ । विद्यालय कर्मचारीको पद र वेतन सुनिश्चित नभएको, बालकक्षा शिक्षकको पद र सेवासुविधा निश्चित नगरिएको, संस्थागत विद्यालयका शिक्षकको सेवा, सुविधा र पेसा सुरक्षाको उचित प्रबन्ध नगरिएको, सहमतिविपरीत अन्यायपूर्ण र अव्यावहारिक सरुवा प्रणालीको व्यवस्था ल्याएको महासंघको दाबी छ ।

अति राजनीतिकरणका कारण ध्वस्त बनेको विद्यालय संरचना र शिक्षाका कारण आजित बनेका अभिभावक विकल्प खोज्दै सहर पस्न थालेका छन् । अति व्यापारीकरणका कारण सहर पसेकाहरू विदेश भासिन थालेका छन् । यस्तो अवस्थामा शिक्षक महासंघ भने थप राजनीति गर्न थालेको छ । पढाउन छाडेर आन्दोलनमा उत्रने, गाउँगाउँमा राजनीतिक दलको झण्डा बोकेर हिंड्ने, भोटको धम्की दिने शिक्षक संगठनका कारण शिक्षा विधेयक अन्योलयमा पुगेको हो । शिक्षा प्रणाली ध्वस्त बनाउने यस्ता संगठनलाई कारबाहीको दायरामा ल्याउने खालको विद्यायक सरकारले ल्याउनुपर्छ । नभए शिक्षा क्षेत्र भयावह तरिकाले संक्रमित हुँदै भोलिका दिनमा विद्यार्थी खोज्नुपर्ने अवस्था आउन सक्छ ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# नेपाल–चीन सम्बन्ध परिणाममुखी बनाउन राजनीतिक स्थायित्व अपरिहार्य



■ हुआङ झेङ डुओ

नेपाल र चीनको सम्बन्ध दीर्घकालीन र परिणाममुखी बनाउन नेपालको राजनीति स्थायी हुन जरूरी हुन्छ । यहाँको विकासले मूर्तरूप लिनका लागि स्थायी नेतृत्व आवश्यक छ । त्यस्तै, यहाँको जलविद्युत् परियोजनाहरूमा सहकार्य गर्न सकिन्छ । त्यस्तै, अबको समय आर्टिफिसियल इन्टेलिजेन्स(एआई) को भएकाले डिजिटल साझेदारीमा पनि नेपालले सम्बन्ध अर्थपूर्ण बनाउने अर्को आधार देखेको छु । नेपालले भर्खरै एआई नीति ल्याएको छ, जुन सकारात्मक छ । चीनले यस क्षेत्रमा निकै नै प्रगति हासिल गरिसकेकाले नेपालले पनि चीनबाट प्रविधि सिक्न सक्छ ।

नेपाल मेरो दोस्रो घर होभन्दा पनि हुन्छ । अहिलेसम्म लगभग २० पटकभन्दा बढी नेपाल आएको छु । अध्ययन अनुसन्धान गर्ने कामदेखि विभिन्न शैक्षिक गोष्ठी, सम्मेलन तथा कार्यक्रमहरूमा सहभागी भइरहेको हुन्छु । त्योभन्दा पनि नेपालको प्राकृतिक सौन्दर्यले मलाई पटक-पटक तानिहरन्छ । मैले नेपालका विभिन्न स्थानहरू घुमेको छु । काठमाडौं बाहिर जनकपुर, चितवन, लुम्बिनी, पोखरा, मनाङलगायतका ठाउँहरूमा पुगेको छु । सबैको आ-आफ्नै विशेषताहरू छन् । तथापि, लुम्बिनी मेरो मन पर्ने ठाउँमध्ये पर्दछ । यो भगवान् गौतम बुद्धको जन्मस्थल भएकाले पनि महत्त्वपूर्ण छ । बौद्ध धर्मसँगको नाता धेरै पुरानो हो चीनको । त्यहाँ गएर केही समय बिताउँदा मन शान्त हुन्छ ।

नेपाल प्राकृतिकरूपमा सुन्दर त छँदै छ । त्यसबाहेक विश्वसम्पदा सूचीमा रहेका विभिन्न दरबार क्षेत्रहरू, विश्वकै सर्वोच्च शिखर सगरमाथा, विभिन्न राष्ट्रिय निकुञ्जहरू, अनि यहाँको संस्कृति आफैंमा बेजोड छ । खासगरी लुम्बिनी भगवान् गौतम बुद्धको जन्मस्थल भएकाले चिनियाँ नागरिकहरूको आकर्षणको केन्द्र बनेको छ । मैले घुमफिरका क्रममा देखेको लुम्बिनी भौतिक संरचनामा ठिकै छ तर त्यहाँको सांस्कृतिक भावना आदानप्रदान गर्ने विषयमा पर्यटक लक्षित अझै हुन सकेको छैन । उदाहरणका लागि, एकपटक मेरा एक साथीलाई लिएर लुम्बिनी घुम्न गएका थियौं । उनले फर्किने बेलामा लुम्बिनीको अध्यात्मिक र मौलिक उपहार के लैजाने ? भनेर बजार घुम्दा केही नयाँ चिज पाइएन । र, अन्तिममा लुम्बिनीमा रहेको पिपलको रुखबाट खसेका केही पातहरू बटुलेर चिनोको रूपमा लिएर गए । नेपालले पर्यटकलाई मौलिक उपहार के दिएर फर्काउन सकिएला ? भन्नेतिर सोच्नसके व्यापार व्यवसाय पनि वृद्धि हुने र पर्यटक पनि खुसी हुने थिए । त्यस्तै, नेपाल भ्रमणमा पर्यटकले अन्य देशको तुलनामा निकै महँगोमा टिकट किन्नुपर्छ । टिकटमा सहुलियत हुनसके नेपाल भ्रमणमा आउने चिनियाँ नागरिकको संख्या निकै नै बढ्ने सम्भावना देख्छु ।

कुनै पनि मुलुकको सम्बन्ध प्रगाढ बनाउन भेटघाट र निरन्तर संवाद हुनु जरुरी छ । यसले एकअर्काको भावनात्मक सम्बन्धलाई अझै बढी मजबुत् बनाउन मद्दत गर्छ । कूटनीतिकरूपमा उच्चस्तरीय तहमा सरकार प्रमुखहरू वा राज्य प्रमुखहरूका बीच समयसमयमा भेटघाट हुनु त स्वाभाविक नै छ । त्यसबाहेक, नागरिकहरूबीचको सम्बन्ध पनि बाक्लिँदै गएको छ । यसले एकअर्कालाई राम्ररी बुझ्नका लागि मद्दत गर्दछ । चिनियाँ समाजलाई बुझ्नका लागि दुवै देशका विद्यार्थीहरूको आवतजावतले सहयोग गरिरहेको छ । पश्चिमा मुलुकका सञ्चारमाध्यमले चीनका बारेमा जुन प्रकारले व्याख्या गरिरहेका छन्, त्यो बुझाइ गलत हो भन्ने कुरामा उनीहरू विश्वस्त हुँदै गएका छन् ।

नेपाल र चीन कूटनीतिक सम्बन्ध सन् १९५५ अगस्ट १ देखि सुरु भएको हो । विगतदेखि नै यी दुई देशबीच सहअस्तित्व, सहकार्य, सम्मानपूर्ण र मैत्रीपूर्ण सम्बन्ध विस्तार हुँदै आएको छ । अहिले अगस्ट महिनाभरि नेपाल र चीनले कूटनीतिक सम्बन्ध विस्तार गरेको ७० वर्षको उत्सव मनाइरहेका छौं । अब आगामी वर्षलाई अझै कसरी स्वर्णिम र प्रगाढ बनाउने विषय महत्त्वपूर्ण हो । मेरो विचारमा नेपाल र चीनको सम्बन्ध दीर्घकालीन र परिणाममुखी बनाउन नेपालको राजनीति स्थायी हुन जरुरी हुन्छ । यहाँको विकासले मूर्तरूप लिनका लागि स्थायी नेतृत्व आवश्यक छ । त्यस्तै, यहाँको जलविद्युत् परियोजनाहरूमा सहकार्य गर्न सकिन्छ । त्यस्तै, अबको समय आर्टिफिसियल इन्टेलिजेन्स(एआई) को भएकाले डिजिटल साझेदारीमा पनि नेपालले सम्बन्ध अर्थपूर्ण बनाउने अर्को आधार देखेको छु । नेपालले भर्खरै एआई नीति ल्याएको छ, जुन सकारात्मक छ । चीनले यस क्षेत्रमा निकै नै प्रगति हासिल गरिसकेकाले नेपालले पनि चीनबाट प्रविधि सिक्न सक्छ ।

राजनीतिक, आर्थिक, शैक्षिक, सामाजिक तथा सांस्कृतिकलगायत सबै आधारहरूले नै दुई देशको कूटनीतिक सम्बन्ध बलियो बनाउँछन् । यी सबै बुँदा एकअर्कासँग अन्तर सम्बन्धित छन् । यद्यपि, मेरो विचारमा आर्थिक विकासको साझेदारीले अरु क्षेत्रको समृद्धिमासमेत टेवा पुऱ्याउन सक्छ । आर्थिक विकास र गरिबी न्यूनीकरणका सन्दर्भमा चीन आफूले जानेको कुराहरू नेपाललाई बाँड्न चाहन्छ ।

नेपाल भू-परिवेष्ठित देश भएकाले यहाँ बाहिरी कनेक्टिभिटी विस्तार गर्न अति महत्त्वपूर्ण छ । चीनको बेल्ड एण्ड रोड इनिसिएटिभ(बिआरआई) परियोजनाले वास्तवमा कनेक्टिभिटी विस्तार र यहाँको विकास सहयोगी बन्न सक्छ । तर बिआरआईका परियोजनाहरू जुन रूपमा अगाडि बढ्नुपर्ने हो, त्यो रूपमा बढ्न नसक्नुको पछाडि यस क्षेत्रमा बढ्दै गएको भू-राजनीतिक अवस्था पनि एउटा कारण हुन सक्छ । विकासका सन्दर्भमा सबै राजनीतिक दलहरू एक ठाउँमा आउन जरुरी छ ।

नेपाल दुई शक्तिशाली देशबीचको भौगोलिक हिसाबले सानो देश हो । तर, यसको आफ्नै अस्तित्व, सार्वभौमसत्ता र अलग्गै पहिचान छ । चीन र भारतबीचको छिमेकी सम्बन्ध सन्तुलन गर्न केही चुनौती नेपालले महसुस गरेको हुनसक्छ । मेरो विचारमा नेपालले छिमेकी मुलुकहरूबीच सदाचार र सहकार्यको भावना राखे खासै ठूलो समस्या होइन । सहकार्य गर्नका लागि सन्तुलन कायम गर्नुपर्ने समस्या हो जस्तो लाग्दैन । यस्तो कूटनीतिक अभ्यास नेपालले गर्दै आइरहेको पनि देखिन्छ ।

पछिल्लो समय चीनमा नेपाली विद्यार्थीहरू अध्ययन गर्नेक्रम बढ्दो छ । यो हाम्रा लागि सुखद पक्ष हो । विभिन्न तालिम, सेमिनार र छलफलमा भाग लिने युवा जमात तीव्र छ । विद्यार्थीहरू ज्ञान र संस्कृति आदानप्रदान गर्ने महत्त्वपूर्ण स्रोत भएकाले शैक्षिक विकासले दुवै देशको सम्बन्ध जोड्न मद्दत गर्छ । एकअर्कालाई बुझ्न पनि यस्तो खालको गतिविधिहरू आवश्यक छ ।

नेपाल प्राकृतिक, सांस्कृतिक, धार्मिक हिसाबले सुन्दर छ । यससँगै अर्को रोचक पक्ष यहाँको बहुआयामिक समाज हो । यहाँको समाजमा खुला रूपमा गरिने वैचारिक बहस, छलफल र अन्तरक्रियात्मक संस्कृति मलाई राम्रो लाग्छ ।

*(प्राध्यापक हुआङ झेङ डुओ चीनको सिचुआन विश्वविद्यालयको नेपाल अध्ययन केन्द्रका निर्देशक हुन् । अमेरिकाको जोन्स हप्किन्स विश्वविद्यालय स्कूल अफ एडभान्स्ड इन्टरनेसनल स्टडिजमासमेत अध्ययन गरेका डुओ चीन र दक्षिण एसियाली देशहरूबीचको सम्बन्धबारे अध्ययन अनुसन्धानकर्ताका रूपमा सक्रिय छन् । उनका तीन पुस्तकहरु र दर्जनौं अनुसन्धानात्मक लेखहरू प्रकाशित छन् । चीन-नेपाल सम्बन्धको ७०औं वर्षको अवसर पारेर भइरहेका विभिन्न कार्यक्रममा सहभागिता जनाउन काठमाडौं आएका निर्देशक डुओसँग नेपाल-चीन सम्बन्धका विभिन्न पक्षमा केन्द्रित रही राससले गरेको कुराकानीमा व्यक्त विचार)*

# ऐतिहासिक दस्तावेज 'लिम्बुवानका अभिलेख संग्रह'

✍ कुम्भराज राई

पुस्तक समीक्षा


वि.सं. १७३३ को कुनै याममा तत्कालीन् मकवानपुरका राजा हरिहर (हरिश्चन्द्र) सेन सम्भवतः सप्तरी, महोत्तरी वा सो क्षेत्रमा पर्ने जगतपुर भन्ने ठाउँमा पुगेका थिए । उनले त्यही टुरमुकामबाट चैनपुरका श्रवाजा, फेश्राप, नपुराञ्जालाई पाँच मौजा पाङ्मा, माङ्गमा, तेवेङ, वोश्रनिमा र तापङ्नागोलाई स्याहामोहर जारी गरेका थिए ।

स्याहामोहरमा मानिसले प्राप्त गरेको जग्गा उपभोग गर्दै राज्यको सेवा गर्नु भनिएको थियो । उक्त स्याहामोहर वनेम फागोसँग पाइयो । स्याहामोहरमा उल्लिखित व्यक्तिहरू वनेम फागो नै भएका र निजहरू सेनकालीन दरबारमा मन्त्री, काजी वा जागिरे रहेको पुष्टि हुन्छ ।

सेन राजाले लिम्बू, खम्बू, याक्खा, आठपहरिया र याम्फूलाई राय, राये, राई भनी स्याहामोहर प्रदान गरेका थिए । हरिहरसेनको राज्यकाल वि.सं. १७१३ देखि १७३८ सम्म मानिन्छ । उनले भारतको गोण्डावारसम्म राज्यविस्तार गरी आफूलाई हिन्दूपति राजा घोषणा गरेका थिए । ३४८ वर्ष पुरानो यो स्याहामोहर भगिराज इङ्नामद्वारा संकलित तथा प्रकाशित पुस्तक 'लिम्बुवानका अभिलेख संग्रह' पुस्तकको पहिलो दस्तावेजका रूपमा राखिएको छ । इतिहास अन्वेषक रमेश ढुंगेलमार्फत यो दस्तावेज लिइएको संकलक भगिराज इङ्नामले उल्लेख गरेका छन् ।

इतिहासकार इङ्नाम नेपाली इतिहास लेखनका लागि कुनै नयाँ नाम होइन । उनको पहिलो पुस्तक 'लिम्बुवानको ऐतिहासिक दस्तावेज संग्रह'ले वि.सं. २०७८ मा मदन पुरस्कार प्राप्त गरिसकेको छ । सोही पुस्तकको अर्को अंश वा भागका रूपमा हालै 'लिम्बुवानका अभिलेख संग्रह' प्रकाशित भएको हो । माथि उल्लिखित स्याहामोहरको प्रसंग केवल यो पुस्तकमा संग्रहित तथा संकलित एक दस्तावेज उदाहरणका रूपमामात्र प्रस्तुत गरिएको हो । यस पुस्तकमा वि.सं. १७३३ देखि २०२५ सम्मका महत्त्वपूर्ण ३८५ वटा दस्तावेज सरल र बुझिनेगरी अनुवादसहित प्रस्तुत गरिएका छन् ।

तत्कालीन् शासकले जारी गरेका भोजपत्र, स्याहामोहर, लालमोहर, कस्यरुक्का, कस्यपत्र, कस्यपत्रम् र लिखित अभिलेख यस पुस्तकमा संग्रहित छन् । त्यतिमात्र नभइ शिलालेख, धनकुटा मार्गाथानको घण्टीको लेख र तिब्बती लिपिको पाँचवटा दस्तावेज यहाँ प्रस्तुत गरिएको छ । लेखकले यो पुस्तक अघिल्लो पुस्तकमा छुटेका दस्तावेजको पूरक एवं निरन्तरता हो भनेका छन् ।




अघिल्लो पुस्तक 'लिम्बुवानको ऐतिहासिक दस्तावेज संग्रह' जति रोचक र महत्त्वपूर्ण पुस्तकका रूपमा प्रकाशित भएको थियो, 'लिम्बुवानका अभिलेख संग्रह' पनि उत्तिकै महत्त्वपूर्ण मानिएको लेखक इङ्नामले बताए ।

अघिल्लो र यी दुवै पुस्तकमा समावेश अभिलेख अध्ययन गर्दा इतिहासमा रुचि हुने पाठकले एक अभिलेख पढ्न नभ्याउँदै अर्को पल्टाउन मन लाग्ने किसिमका रहेका उनको भनाइ छ । विषयसूची हेरेर पुस्तक अध्ययन गर्ने हो भने पनि ८५० भन्दा बढी पृष्ठको यस पुस्तकका कम्तीमा ५० देखि १०० वटा अभिलेखमा पाठकको ध्यान तानिन्छ । विषयसूचीमा आकर्षक किसिमका शीर्षक राखिएका छन् । 'छोराले खाएको ऋण बाबुले तिर्नु नपर्ने', 'राईबाट फुटी नयाँ राई भएको', 'कन्ने केटीलाई करणी गरे दण्ड नलाग्ने', 'करणी मुद्दामा सात सुब्बाको फैसला' लगायत हुन् ।

पुस्तकमा समावेश दस्तावेजमा पृथ्वीनारायण शाह र प्रतापसिंह शाहबाट अभिमानसिंहलाई प्रदान गरिएको लालमोहरमा विजयपुर सेन राज्यका देवान बुद्धिकर्णलाई 'राई' भनिएको तर वि.सं. १८२४ र १८२९ मा बुद्धिकणले जारी गरेको स्याहामोहरमा बुद्धिकर्ण 'राय' भन्ने उल्लेख गरिएको रोचक विषय समावेश छन् । पृथ्वीनारायण शाहले वि.सं. १८३१ मा पुनी रायलिम्बूलाई प्रदान गरेको, लालमोहरमा सिरिंग्या लिम्बूसहित दरबारमा मिल्न आए सिरपाउ पुरस्कार दिने भनी प्रलोभन देखाएको प्रसंगले त्यस समयमा सिरिंग्या लिम्बू गोरखाली सेनाविरुद्ध रहेछन् भनेर अनुमान गर्न सकिन्छ ।

यी र यस्ता सयौं रोचक तथ्यले भरिएको छ, 'लिम्बुवानका अभिलेख संग्रह' पुस्तक । संकलक तथा लेखकको मिहेनत कति छ भनेर सामान्य पाठकले अनुमान नै गर्न सक्दैन । यत्तिको दस्तावेज संकलन गर्नका लागि कति समय र मिहेनत गर्नुपऱ्यो होला भनेर लेखकले सरसर्ती पुस्तकमा उल्लेख गरेका छन्, तर पाठकले पुस्तक अध्ययन गरेपछि लेखकले उल्लेख गरेको भन्दा बढी मिहेनत यस पुस्तकमा भएको बताउन सकिन्छ । पुस्तकमा उल्लिखित दस्तावेजहरूले तत्कालीन समग्रमा पल्लो किराँत अर्थात् लिम्बुवानको इतिहासलाई जस्ताको तस्तै प्रस्तुत गरेको छ ।

तत्कालीन ओल्लो किराँत, माझ किराँत र पल्लो किराँतका धेरै इतिहास मिथक अर्थात् मौखिकरूपमा मात्र सुनिँदै आएकामा यस पुस्तकका लेखक तथा संकलक इङ्नामले त्यसलाई तथ्यसहित दस्तावेजीकरण गरेका छन् । जुन कार्य इतिहासमा एक सर्वकालिक महत्त्वपूर्ण काम होभन्दा अत्युक्ति हुँदैन । पुस्तकले विभिन्न बहसका लागि पनि सहज पारिदिएको छ । राई, लिम्बू, सुब्बाजस्ता थर वास्तवमा थर हुन् कि पदवी ? राई, राइ हो कि राय ? यस्ता अनेकन् तथ्य यहाँ संग्रहित दस्तावेजमा उल्लेख छन् । जसलाई एउटा आधार मानेर थप तथ्य पत्ता लगाएर सदियौंदेखिका विवादलाई समाधान गर्न सहज बनाइदिएको छ ।

दस्तावेजले तत्कालीन इतिहासमात्र देखाउँदैन, त्यतिखेरको पल्लोकिराँतको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्थालाई उजिल्याउने काम गरेको छ । चेतनास्तर, ससाना थुम्का र गढीहरूमा रहेर शासन गर्ने प्रणाली, संघीय राजधानीमा रहने शासकसँगको सम्बन्धलगायत विषयका बारेमा जानकारी दिन्छ ।

वि.सं. १८३१ पछि राई र लिम्बूलाई तत्कालीन् शासकले फुटाएर 'फुटी सुब्बा' वा 'फुटी राई' बनाएको प्रसंग लेखकले आफ्नो लेखकीयमा उल्लेख गरेका छन् । जसका कारण धेरै लिम्बू फुटी सुब्बा हुँदा जग्गाविहीन बनेको उनले निष्कर्षको रूपमा लेखेका छन् । कतिपय किपटभूमि खोस्ने काम त्यतिबेलै भएको उनको ठहर छ । मुन्धुम एकेडेमीले प्रकाशन गरेको यस पुस्तकको सह-प्रकाशनमा ताप्लेजुङ र मोरङका एक/एक गाउँपालिका तथा तेह्रथुमका दुई नगरपालिका र चार गाउँपालिकाले सहयोग गरेका छन् । स्थानीय सरकारले इतिहास लेखनमा सहप्रकाशकको रूपमा सहयोग गरेको काम अन्य स्थानीय तहका लागि पनि अनुकरणीय छ ।

डा. त्रिरत्न मानन्धर र जगदीश रेग्मीको हस्तलिखित भूमिका पुस्तककोख सुरुमा राखिएको छ । तेह्रथुमस्थित लालीगुराँस नगरपालिकाका प्रमुख तथा इतिहासका अध्येता अर्जुनबाबु माबुहाङले लेखक भगिराज इङ्नाम र लिम्बुवानको इतिहास लेखनबारे स्पष्ट पारेका छन् । दस्तावेजका स्रोत व्यक्तिहरूको नाम र दस्तावेज अनुवादकको नाम राखेर लेखकलाई सबैलाई सम्मान गरेका छन् ।

निजामती सेवाबाट निवृत्त लेखक पूर्वप्रशासकसमेत हुन् । यस पुस्तकको मूल्य दुई हजाररूपैयाँ कतिपयका लागि महँगो लागे पनि यहाँ समावेश भएका दस्तावेजको अध्ययनपश्चात् उक्त मूल्य थोरै महसुस हुन सक्छ । तसर्थ क्षेत्रीय रूपमा कमैमात्र लेखिएको राजधानी काठमाडौं पूर्व र त्यसमा पनि ओल्लोकिराँत अर्थात् लिम्बुवानबारे इतिहास बुझ्नका लागि सबैभन्दा पठनीय संग्रहको रूपमा यो पुस्तक किन्नु उपयुक्त हुन्छ । त्यसका लागि सम्भव भएमा लेखकका अघिल्लो पुस्तक पनि किन्न सकेमा पाठकका लागि सुनमा सुगन्ध हुने प्रकाशकको भनाइ छ । *रासस*



**कोदोको बीउ काढ्दै** | लमजुङको मध्यनेपाल नगरपालिका–६ काउरे गाउँमा कोदो रोप्नका लागि कोदोको बीउ काढ्दै किसान ।

*तस्बिरः देवेन्द्र गुरुङ/रासस*

# ५६ वर्षअघि निर्माण गरिएको गुर्गी सिँचाइ आयोजना अलपत्र



**गोदावरी (कैलाली)–** कैलालीको कैलारी गाउँपालिका-२ कुकुरभुक्कामा झण्डै ५६ वर्षअघि निर्माण गरिएको गुर्गी सिँचाइ आयोजना अलपत्र परेको छ । आर्थिक वर्ष २०६२/६३ मा बनाइएको पक्की बाँध २०६४ सालमा आएको बाढीले भत्काएपछि उक्त आयोजना हालसम्म अलपत्र परेको हो । गुर्गी सिँचाइ आयोजना निर्माणका लागि बर्सेनि बजेट विनियोजन हुँदै आए पनि निर्माण अघि बढ्न सकेको छैन । पानीको स्रोत सुनिश्चितता नभएका कारण बजेट फ्रिज हुँदै आएको सुदूरपश्चिम प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय धनगढीले जानकारी दिएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारले आयोजनाका लागि आव २०७५/७६ मा २० लाख रूपैयाँ र प्रशासनिक खर्चका लागि कैलारी गाउँपालिका कार्यालयले एक लाख ५० हजार रूपैयाँ विनियोजन गरेको थियो । आव २०७९/८० मा योजना निर्माणको प्रक्रिया अघि बढाउन प्रदेश सरकारले छ करोड रूपैयाँ विनियोजन गरे पनि खर्च हुन नसकेर फ्रिज गएको थियो । आव २०८०/८१ मा १२ करोड रूपैयाँ विनियोजन गरेको प्रदेश सरकारले २०८१/८२ मा पाँच करोड रूपैयाँ रकम विनियोजन गरिए पनि खर्च हुन नसकेर फ्रिज भएको जनाइएको छ ।

आयोजना अघि बढाउन हरेक वर्ष बजेट विनियोजन गरिँदै आए पनि पानीको स्रोत सुनिश्चितता नभएकाले आयोजना निर्माणका लागि पुनः डिपिआर तयार गर्नुपर्ने जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका इन्जिनियर टेकराज विनाडीले बताए । उनले आव २०८१/८२ मा कार्यालयले आयोजनालाई ठेक्का प्रक्रियामा लैजान ४४ करोड रूपैयाँ लागत अनुमानको प्रतिवेदन तयार गरी आर्थिक मामिला मन्त्रालयमा पेस गरेको भए पनि मन्त्रालयले ३० करोड रूपैयाँ लागत अनुमानको प्रतिवेदन स्वीकृत गर्दा ठेक्का सम्झौता कार्य अघि बढ्न नसकेको बताए । उनले उक्त आयोजनाको डिपिआरका लागि बजेटको माग गरिएको बताउँदै बजेटको सुनिश्चितता भएपछि डिपिआरको काम अघि बढ्ने जानकारी दिए ।

झण्डै दुई दशकअघि भत्केको बाँध अहिलेसम्म बन्न नसकेपछि किसान नहरको पानी उपभोग गर्नबाट वञ्चित हुँदै आएको स्थानीय दयाराम चौधरीले बताए । वर्षौं पुरानो सिँचाइ आयोजनामध्ये गुर्गी सिँचाइ आयोजनाको बाँध २०२६ सालमा तत्कालीन जमिनदार रामदिन महतो, छिमानन्द र देशराज महतोले आफ्ना रैतीमार्फत बनाएको बताइन्छ । आव २०६२/६३ मा पक्की बाँध बनाइए पनि २०६४ सालमा आएको बाढीले आयोजनाको बाँध भत्काएपछि सो आयोजना निर्माणको काम अहिलेसम्म अघि बढ्न नसकेको चौधरीको गुनासो छ ।

आयोजना बन्द भएर नहरसमेत अतिक्रमण भएपछि कैलारीका वडा नं १, २, ५ र ७ वडाका किसानले सिँचाइ अभावमा सो क्षेत्रका किसानले अकासेपानी र बोरिङको भरमा खेतीपाती गर्नुपर्ने बाध्यता छ । जिल्लाकै नमूना रहेको सो योजनाबाट झण्डै छ हजार बढी किसान लाभान्वित हुँदै आएका थिए । बाढीले योजनाको बाँध भत्काएछि अकासेपानीको भर पर्नुपरेको किसानको गुनासो छ । उक्त सिँचाइ योजनाबाट एक हजार ४०० भन्दा बढी हेक्टर जमिनमा सिँचाइ उपलब्ध हुँदै आएको जनाइएको छ ।

सिँचाइ विकास डिभिजन कार्यालयको सर्भेअनुसार योजनाको लागत ४४ करोड रूपैयाँ अनुमान गरिएको छ । जसबाट एक हजार ८०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने छ । योजनाबाट कैलारी-१ का बिसनपुर, लवलपुर, मनाउ, हरिनगर, डम्मरा गाउँ, वडा नं ५ का सडकपुर, पबेरा, गोब्रैला, जग्दहवा, मनिकापुर, बैसपुर गाउँ र वडा नं ७ का रतनपुर, सिउपुर, नारायणपुर, वसन्ता, छटकपुर वसन्ता, भुँइयाफाटा, रामपुर गाउँका किसान लाभान्वित हुने जानकारी दिइएको छ ।

सुदूरपश्चिम प्रदेशसभाअन्तर्गतको संसदीय उपसमिति अर्थ, विकास तथा प्राकृतिक समितिले एक हप्ताअघि सो बाँधको स्थलगत अनुगमनपश्चात् सार्वजनिक सुनुवाइ गरेको थियो । आयोजना ढिलाइ सम्बन्धमा समितिले उक्त क्षेत्रका किसानसँग सुनुवाइ कार्यक्रम सुरु भएलगत्तै स्थानीय किसानले कार्यक्रम नै बहिष्कार गरेको प्रदेशसभा सदस्य शिवसिं वलीले जानकारी दिए । *रासस*

# टक्सार बजारमा खुल्यो संग्रहालय

**टक्सार (भोजपुर)–** भोजपुरको टक्सार बजारमा संग्रहालय स्थापना गरिएको छ । भोजपुर नगरपालिका-१२ टक्सारमा रहेको वडा कार्यालय भवनमा पुराना र परम्परागत सामग्री संरक्षण गर्ने उद्देश्यले संग्रहालय स्थापना गरिएको हो ।

नवोदय नामक संस्थाले 'भोजपुर संग्रहालय' स्थापना गरी सर्वसाधारणका लागि खुला गरेको हो । परम्परागत सामग्री भावी पुस्ताका लागि संरक्षण गर्ने उद्देश्यले संग्रहालय स्थापना गरिएको संस्थाका अध्यक्ष किशोर कुमार ताम्रकारले बताए । उनले भने, 'टक्सारमा पहिला एक र दुई पैसाका टक पनि काटिने गरिथ्यो, त्यो पैसासमेत संग्रहालयमा देख्न सकिन्छ, यसको व्यवस्थापन र सञ्चालनका लागि आगामी दिनमा दीर्घकालीन योजनाका साथ अघि बढ्नेछौं ।'

संग्रहालयमा हलो, काठका विभिन्न सामग्री, लालटिन, माटाका भाँडा, क्यासेट राखिएको छ । संस्थाका सचिव यदु सुवालले स्थानीय स्तरमा प्रयोग भएका पुराना सामग्री संग्रह गरी संग्रहालय स्थापना गरिएको बताए ।

कोशी प्रदेश मुख्यमन्त्री कार्यालयका राज्यमन्त्री सिर्जना राईले टक्सार इतिहास ठाउँ भएको उल्लेख गर्दै संग्रहालयले यहाँको संस्कार र संस्कृति जोगाउन सहयोग पुऱ्याउनेमा विश्वास व्यक्त गरे । वि.सं. १८७२ मा राजा गीर्वाणयुद्ध शाहको पालामा स्थापना भएको ऐतिहासिक टक्सार बजारको संरक्षण गर्न पनि संग्रहालय स्थापना गरिएको समाजसेवी चन्द्रकुमार उदासले बताए । *रासस*

# पहिरो रोकथाम गर्न 'बायो इञ्जिनियरिङ' प्रविधि

**गलकोट (बागलुङ)–** बागलुङ बोक्से-सिगाना सडकको संरक्षणका लागि 'बायो इञ्जिनियरिङ' प्रविधि अपनाइएको छ । हालै कालोपत्र सम्पन्न गरिएको १० किलोमिटर सडकको दिगोपनाका लागि निर्माण व्यवसायीले पहिरो रोकथामका लागि बायो इञ्जिनियरिङ प्रविधि अपनाएका हुन् ।

हालै कालोपत्र सम्पन्न एक निर्वाचन क्षेत्र एक रणनीतिक सडकअन्तर्गतको बोक्से-सिगाना सडक निर्माणका क्रममा खसेको पहिरो रोकथाम गर्दै सडक संरक्षण गर्न निर्माण व्यवसायी कर्ण विल्डर्सले एक दर्जन पहिरोमा नेपियर जातको घाँस रोपेको छ ।

कालोपत्र सडकलाई टिकाउन जोखिमयुक्त स्थानको पहिचान गरी बायो इञ्जिनियरिङ प्रविधिमार्फत पहिरो तथा भूक्षय नियन्त्रणको प्रयास थालिएको कर्ण विल्डर्सका प्रतिनिधि सन्दीप श्रेष्ठले जानकारी दिए । यसको प्रयोगले सडकको संरक्षणसँगै प्रकोप जोखिम व्यवस्थापन, जलवायु अनुकूलन तथा मुहान र जैविक विविधता संरक्षणका लागि सहयोग पुऱ्याउने श्रेष्ठको भनाइ छ । उनले बायो इञ्जिनियरिङमार्फत ढुंगा, माटो खसिरहेका क्षेत्रमा रोकथाम र जोखिम व्यवस्थापनका कार्य सहयोगसँगै स्थानीय किसानलाई घाँसमासमेत सहयोग पुऱ्याउनेगरी १० किलोमिटर सडकको पहिरो खसेको क्षेत्रमा नेपियर जातको एक हजार ५०० भन्दा बढी घाँसको बिरुवा रोपिएको बताए ।

'सडक चौडा बनाएर कालोपत्र गर्दा एक दर्जन स्थानमा पहिरो खसेको थियो, उक्त पहिरोको दिगो समाधानका लागि पूर्वाधारको काम त कालोपत्रअघि नै गरिन्छ, त्यससँगै अहिले बर्खामा पहिरोमा बायो इञ्जिनियरिङ प्रविधिसमेत अपनाइएको छ,' उनले भने, 'पहिरो खसेको र सम्भावित पहिरोको जोखिम स्थानको पहिचान गरेर नेपियर जातका बहुवर्षीय घाँस लगाइएको छ जसले पहिरो रोकथामसँगै किसानको पशुपालनलाई सघाउँछ ।'

नेपियर उखुजस्तो देखिने बहुवर्षीय घाँस हो । यसको उचाइ दुई-तीन मिटर अग्लो र धेरै झाङ हाल्न सक्ने भएकाले बायो इञ्जिनियरिङ प्रविधिमा प्रयोग गरिँदै आइएको छ । बायो इञ्जिनियरिङअन्तर्गत काँस, अम्रिसो, घाँसे प्रजातिसँगै सिमली, असुरो, बाँस, सजीवनजस्ता बिरुवा रोप्ने गरेमा यसले एकातर्फ पहिरो खस्नबाट जोगाउँछ भने अर्कातर्फ पानीको मुहान सुक्नबाट जोगाउने भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत शम्भुकुमार मिश्रले बताए ।

पहाडी क्षेत्रमा विकास निर्माण गर्दा हरित व्यवस्थापनमासमेत ध्यान दिन थालिएको उनको भनाइ छ । ठूलाठूला पहिरोसमेत बायो इञ्जिनियरिङमार्फत रोकथाम भएको उनको भनाइ छ । नेपालको पहाडी भेगमा विकाससँगै भूक्षयको दर घटाउन बायो इञ्जिनियरिङ प्रविधि उपयुक्त रहेको मिश्रको भनाइ छ ।

'एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक'अन्तर्गत बागलुङ क्षेत्र नं १ मा पर्ने बोक्से-सिगाना खण्डको १० किलोमिटर कालोपत्र सकेर निर्माण व्यवसायीले बायो इञ्जिनियरिङ प्रविधिमार्फत पहिरो रोकथाम, मासिएको सिँचाइ कुलो गोरेटोबाटो निर्माण गरिरहेको छ । उक्त सडक २९ करोड ३७ लाख ८८ हजार रूपैयाँमा दुई वर्षअघि सडक डिभिजन कार्यालयले कर्ण विल्डर्ससँग ठेक्का सम्झौता गरी कालोपत्र गरेको हो । *रासस*


## साउदीमा रोजगार

कम्पनी : WADHA ALI SADAQA COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 329864 | चलानी नं. ६०२४३७४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook Workers | 4 | 0 | 1400 | ५२,११७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 11 | 0 | 1200 | ४४,७२३ | | | | | | | |

कम्पनी : NABD AL-ASR TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 329890 | चलानी नं. ६०२४३७४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRICIAN TECHNICIAN | 3 | 0 | 1700 | ६३,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : M.S. AL SUWAIDI INDUSTRIAL SERVICES CO. LTD.

पूर्व स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 329891 | चलानी नं. ६०२४३७४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 17 | 0 | 1300 | ४८,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED SALEM AL SUWAIDI SCAFFOLDING SERVICES AND ACCESS SOLUTIONS

पूर्व स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 329892 | चलानी नं. ६०२४३७४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 20 | 0 | 1300 | ४८,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १६ गते (1st Sep . 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

### फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यका लागि शिलबन्दी आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०९ गते**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ र २०८३/०८४ मा यस नगरपालिकाको क्षेत्र भित्र फोहोरमैला संकलन तथा व्यवस्थापन कार्य गर्नुपर्ने भएको हुँदा ईच्छुक नियमानुसार दर्ता भएका फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाहरुले उक्त कार्य गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातहरु सहित शिलबन्दी आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।
विस्तृत विवरण चौतारा साँगाचोकगढी नगरपालिकाको आधिकारीक वेवसाइट chautarasangachowkgadhimun.gov.np मा हेर्न सकिनेछ ।

### विज्ञापन कर संकलन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्ने सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०९ गते**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक ऐन, २०८२ अनुसार आ.व. २०८२/०८३ र २०८३/०८४ मा यस नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन गर्ने कार्य गर्नुपर्ने भएको हुँदा ईच्छुक नियमानुसार दर्ता भएका फर्म/कम्पनीहरुले उक्त कार्य गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातहरु सहित शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।
विस्तृत विवरण चौतारा साँगाचोकगढी नगरपालिकाको आधिकारीक वेवसाइट chautarasangachowkgadhimun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**



## हलेसी तुवाचुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुर्छिम,खोटाङ,कोशी प्रदेश,नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८२/०५/०९**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०३/३१ गते प्रकाशित तपशिल बमोजिमको बोलपत्र आवहान सूचना अनुसार म्याद भित्र E–BID को माध्यमबाट दर्ता हुन आएका बोलपत्रमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोलपत्रदाताहरु प्राविधिक शर्तहरु पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०५/१६ गते दिनको १२:३० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को ऊपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र स | ठेक्काको बिबरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| 1. | HTM/Works/NCB/2081/082/No-13<br>Construction of Halesi,Tuwachung Municipality Building | श्री RK Builder<br>श्री Aakash Nirman Sewa<br>श्री Lotus Multi– Mohan & Byasigaun Rupakot JV<br>श्री SANTI/CDS JV<br>श्री Avion Vardan–Safe Home JV<br>श्री NP.S JV<br>श्री Sajib Siddhi Binayak JV |

**प्रमुख प्रशासकीय अधिकृत**

## सेप्टेम्बरमा 'पलक मुचाल लाइभ इन नेपाल'

बलिउडकी चर्चित गायिका पलक मुचालले पहिलोपटक नेपालमा प्रत्यक्ष प्रस्तुति दिने कार्यक्रम तय भएको छ । आउँदो सेप्टेम्बर १९ मा काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने 'पलक मुचाल लाइभ इन नेपाल' कन्सर्टमा पलकले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गर्ने छिन् । कार्यक्रमको प्रस्तुति वर्ल्डवाइड फिल्म्स नेटवर्क प्रालिले गर्ने छ । व्यवस्थापन मनु मिडिया प्रालिले गर्ने छ ।






# 'मेरो भ्वाइस युनिभर्स'को उपाधि प्रथम गुरुङलाई

## रिस्ता बनिन् 'मेरो डान्स युनिभर्स'




■ **प्रभाव संवाददाता**

**पाटन (ललितपुर)**– मेरो भ्वाइस युनिभर्स सिजन-२ को विजेता प्रथम गुरुङ घोषित भएका छन् । यस्तै मेरो डान्स युनिभर्स सिजन-२ को विजेता रिस्ता गुरुङ भएकी छन् ।

इन्ट्रा फाउण्डेसनद्वारा ललितपुरको सनराइज सम्मेलन केन्द्र गोदावारीमा आयोजित मेरो भ्वाइस युर्निभर्स र मेरो डान्स युनिभर्सको सिजन-२ को ग्राण्ड फिनालेमा दुवै जनालाई विजेता घोषणा गरिएको हो । विजेताले जनही एक करोड रूपैयाँ पुरस्कारसहित २५ लाख रूपैयाँबरबरको जीवन बिमा, हवाई टिकटका साथमा विभिन्न पुस्कार प्राप्त गरेका छन् ।

मेरो डान्स युनिभर्सको फस्ट रनरअप भई अमृता राईले २५ लाख रूपैयाँसहित सिटिजन्स लाइफबाट २० लाख रूपैयाँबरबरको जीवन बिमा प्राप्त गरेकी छन् । सेकेण्ड रनरअप भई सीतु महर्जनले १० लाख रूपैयाँसहित सिटिजन्स लाइफबाट १५ लाख रूपैयाँबराबरको जीवन बिमा प्राप्त गरेकी छन् । थर्ड रनरअप सुरज सिञ्जाली मगरले छ लाख रूपैयाँसहित सिटिजन्स लाइफबाट १० लाख रूपैयाँबरबरको जीवन बिमा तथा फोर्थ रनरअप सुशना कोइरालाले पाँच लाख रूपैयाँ, सिटिजन्स लाइफबाट १० लाख रूपैयाँबरबरको जीवन बिमा प्राप्त गरेका छन् । फिफ्थ रनरअफ साजन पाखिन तामाङले नगद चार लाख रूपैयाँ र सिटिजन्स लाइफबाट १० लाख रूपैयाँबराबरको जीवन बिमा प्राप्त गरेका छन् ।

यसैगरी मेरो भ्वाइस युनिभर्सको फस्ट रनरअप भई टोपराज तामाङले २५ लाख रूपैयाँसहित २० लाख रूपैयाँबराबरको जीवन बिमा तथा सेकेण्ड रनरअप जुनु प्रसाईंले १० लाख रूपैयाँ र १५ लाख रूपैयाँबराबरको जीवन बिमा प्राप्त गरेका छन् । थर्ड रनरअप वाङ्गे गुरुङले छ लाख रूपैयाँ र सिटिजन्स लाइफबाट १० लाख रूपैयाँबराबरको जीवन बिमा, फोर्थ रनरअप प्रशान्त पोखरेलले पाँच लाख रूपैयाँ, १० लाख रूपैयाँबराबरको बिमा तथा फिफ्थ रनरअप दीपराज राईले नगद चार लाख रूपैयाँ तथा सिटिजन्स लाइफबाट १० लाख रपैयाँबराबरको बिमा प्राप्त गरेका छन् ।

कल्चरल ग्रुप डान्स प्रतिस्पर्धामा भुटनिज रेफुजी डान्स ग्रुपले विजेता भई २५ लाख रूपैयाँ प्राप्त गरेको छ । फस्ट रनरअप कल्चरल ग्रुप डान्समा मनास्लु वर्ड कलेजले १५ लाख रूपैयाँ प्राप्त गरेको छ । त्यसैगरी, युमा महारानी नृत्य समूह सेकेण्ड रनरअप हुन सफल भइ १० लाख रूपैयाँ प्राप्त गरेको छ । थर्ड रनरअप भएर नेपाल प्रहरीले पाँच लाख रूपैयाँ प्राप्त गरेको छ । सामूहिक नृत्यतर्फ तरेली सांस्कृतिक ग्रुपले फोर्थ अनरअप भई तीन लाख रूपैयाँ पुरस्कार प्राप्त गरेको छ ।

विजेतालाई सभामुख देवराज घिमिरे, गृहमन्त्री रमेश लेखक, सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, ललितपुर महानगर पालिकाका प्रमुख चिरीबाबु महर्जनलगायतले पुरस्कार तथा ट्रफी प्रदान गरे ।

# चौथो मिलाप तीज उत्सवमा सम्मान




काठमाडौं (प्रस)– विभिन्न सांस्कृतिक कार्यक्रमका साथ चौथो मिलाप तीज उत्सव सम्पन्न भएको छ । मिलाप मासिकको आयोजनामा भएको उत्सवमा विभिन्न क्षेत्रका नारीहरूलाई सम्मान गरियो ।

मिलाप मासिककी कार्यकारी सम्पादक तथा मिलाप फाउण्डेशनकी अध्यक्ष गीता अधिकारीले हिन्दू नेपाली नारीको महान् पर्व तीजलाई साहित्य, कला, नृत्य र संगितमार्फत उत्सवमय बनाइएको जानकारी दिइन् । कार्यक्रममा नेपालकी पहिलो नायिका भुवन चन्द, काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोललगायतको उपस्थिति रहेको थियो ।

नायिका चन्दले तीजलाई नेपाली महिलाको आत्मीयता, संस्कृति र एकताको प्रतीकका रूपमा रहेको धारणा राखिन् । 'तीज केवल रमाइलोको पर्वमात्र होइन, यो हाम्रो संस्कृति र पहिचानसँग जोडिएको अमूल्य धरोहर हो । यदि हामी नयाँ पुस्तामा यसको महत्त्व र मौलिकता प्रवाह गर्न सक्यौं भने हाम्रो परम्परा अझ उज्ज्वल र बलियो बन्छ,' उनले भनिन् ।

उपमेयर डंगोलले तीज महिलाहरूलाई सशक्त बनाउन सक्ने पर्वका रूपमा व्याख्या गरिन् । 'यस्ता उत्सवले हाम्रो संस्कृति र परम्परालाई जोगाउनेमात्र होइन, समुदायमा सहकार्य र एकताको भावना पनि बढाउँछ,' उनको भनाइ थियो ।

उत्सवमा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनुका साथै 'तीज मिलाप सम्मान' प्रदान गरिएको थियो । सम्मानित हुनेमा डा. तारादेवी कार्की, गायिका एवं मोडल उर्मिला खत्री, गायिका रीता बुढाथोकी, सारिका घिमिरे, शोभा पाण्डे, नीता आचार्य, तृप्ती खड्का, मञ्जु थापा, साहित्यकार सानु शर्मा, निर्देशक सावित्री खत्री, व्यवसायी राधिका खतिवडालगायत थिए ।

# छायाँछवि तीज म्युजिक अवार्ड सम्पन्न



**काठमाडौं (प्रस)**– छायाँछवि क्रियसनको आयोजनामा हरेक वर्ष गरिने छायाँछवि तीज म्युजिक अवार्डको १२औं संस्करण सम्पन्न भएको छ । महिलाहरूको महान चाड हरितालिका तीजको अवसरमा प्रकाशित गीतहरूलाई लिएर आयोजना गरिने अवार्डमा १८ अवार्ड तथा छ सम्मान एवं एक पुरस्कार वितरण गरिएको छ ।

सुकेधारास्थित लेभिज गार्डेनमा आयोजित अवार्ड कार्यक्रममा गत वर्ष स्थापना गरिएको छायाँछवि दिपाशा स्मृति पुरस्कार यस वर्ष मोडल कलाकार सञ्चिता शाहीलाई प्रदान गरिएको छ । यो पुरस्कार ११ हजार रूपैयाँ राशिको यसैगरी छ जना नारी कलाकारहरूलाई सम्मान गरियो । गायिका गीता भट्टराई, गायिका तथा अभिनेत्री सारीका घिमिरे, गायिका अञ्जु श्रेष्ठ, सौन्दर्यकर्मीद्वय संगीता राना मगर र अप्सना नेवा हायुलाई सम्मान गरिएको हो । म्युजिक अवार्डतर्फ रेखा शाह र जुनु गौतमले उत्कृष्ट गायिका तथा रामचन्द्र काफ्लेले उत्कृष्ट गायकको अवार्ड हात पारे ।

रंगशाला

# नेपाल बंगलादेशसँग पराजित




**काठमाडौं (प्रस)**– दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१७ महिला च्याम्पियनसिपमा नेपाल बंगलादेशसँग पराजित भएको छ । भुटानको चाङ्लिमिथाङ रंगशालामा आइतबार भएको खेलमा बंगलादेशसँग नेपाल ३-० ले पराजित भएको हो । यो जितसँगै तीन खेलमा छ अंक जोडेको बंगलादेश दोस्रो स्थानमा छ ।

पराजित नेपाल समान खेलबाट तीन अंकका सात तेस्रो स्थानमा छ । यसअघि भारतसँग ७-० को फराकिलो अन्तरले पराजित भएको नेपालले भुटानलाई भने २-१ गोलले हराएको थियो ।

यसैगरी भुटानलाई ३-१ ले हराएको बंगलादेशले भारतसँग २-० को पराजय बेहोरेको थियो । बंगलादेशको जितमा थुनुए मार्मा, सौरभी अखण्ड प्रीति र मामोनी चक्माले गोल गरे । खेलको ४१औं मिनेटमा मार्माको गोलमार्फत बंगलादेशले अग्रता लिएको थियो । त्यसको तीन मिनेटपछि नै सौरभीले टोलीको अग्रता दोब्बर बनाइन् । त्यसपछि खेलको इन्जुरी समयमा चक्माले गोल गर्दै बंगलादेशलाई सहज जित दिलाइन् ।


## युएइमा रोजगार

कम्पनी : S W S SPORTS BOARDS INDUSTRIES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 321577 | चलानी नं. ६०२३५७०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper-Electrial | 6 | 0 | 1000 | ३८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED AGRICULTURAL SYSTEMS L L C

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 322503 | चलानी नं. ६०२३६५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 7 | 0 | 800 | ३०,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Garden Workers | 2 | 0 | 800 | ३०,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १६ गते (1st Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७३/०७३/०७४

E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)

Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com



## युएइमा रोजगार

कम्पनी : BURJ AUCKLAND PLASTERS AND TILES CONT

पूर्व स्वीकृति मिति : २०८२/०५/०८ | LT. No. 329900 | चलानी नं. ६०२४३७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masion | 2 | 0 | 1500 | ५७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer(3 Yr Experience) | 2 | 0 | 1500 | ५७,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १६ गते (1st Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

